चन्दननाथ नगरपालिका र तातोपानी गाउँपालिका बिच भगिनी सम्बन्ध स्थापना गर्न

# चन्दननाथ नगरपालिका जुम्ला र तातोपानी गाउँपालिका जुम्ला बिच भएको सहमति -पत्र

चन्दननाथ नगरपालिका जुम्ला र तातोपानी गाउँपालिका जुम्ला बिचमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २६ को खण्ड (ट) को कानुनी व्यवस्था बमोजिम अन्तर स्थानीय तह भगिनी सम्बन्ध स्थापना गरी आपसी समन्वय सहकार्य र साझेदारी मार्फत दुई पालिकाको बिचमा अनुभव आदान प्रदान गर्ने तथा साझा प्रयत्नबाट संस्थागत प्रणाली सुदृढीकरण तथा सवलिकरण गर्न दुवै पालिकाको निर्णयानुसार चन्दननाथ नगरपालिका र तातोपानी गाउँपालिका बिच तपसिलका विविध क्षेत्रहरुमा सहकार्य साझेदारी तथा समन्वय गर्न भगिनी सम्बन्ध स्थापना गर्न यो सहमति गरेका छौं ।

<u>तपसिलः</u>

<u>१. भगिनी सम्बन्ध स्थापनाको उदेश्यः</u> दुई पालिकाहरुका बिच भगिनी सम्बन्ध स्थापना गरी हितैषी तथा मैत्रीपूर्ण सम्बन्ध मार्फत संस्थागत प्रणालीलाई अझ सदृढ र सबल बनाउने , आपसी हित र सहकार्यलाई बढावा दिने,असल अभ्यास र अनुभवको आदान प्रदान गरी स्थानीय स्वायत्त शासन स्वशासन र समृद्ध पालिका निर्माणको अभियानमा आपसी समन्वय, साझा प्रयत्न र सहकार्य गर्ने उदेश्यले यो सहमति गरेका छौं ।

<u>२. संस्थागत सवलता र सुदृढीकरणमा सहकार्यः</u> स्थानीय सरकारलाई नेपालको संविधान,संघीय कानून, प्रदेश कानून तथा अन्य प्रचलित ऐन कानूनद्वारा तोकिएका काम,कर्तव्य,अधिकार तथा दायित्व बहन गर्न आपसमा विचारविमर्श तथा अन्तरक्रिया गरी दिशाबोध गर्नेछौं ।

<u>३. असल अभ्यास तथा सफल अनुभवको आदान प्रदानः</u> जन निकटको स्थानीय सरकारको हैसियतले निर्वाह गर्नुपर्ने कानूनी तथा शासकीय दायित्वहरुलाई स्थानीय मौलिक परिवेशको पृष्ठभूमिमा दुई पालिका सरकारका सांगठनिक स्वरुप, संस्थागत संरचना र शासकीय

गाउँपालिका अध्यक्ष

भूमिकालाई सवल, सुदृढ र प्रभावकारी बनाउन एकआपसका अनुभव, कार्यशैली, असल अभ्यास र महत्वपूर्ण उपलब्धिहरु आदान प्रदान गर्नेछौ ।

**४. स्थानीय पर्यटन प्रवर्द्धन:** मूर्त तथा अमूर्त संस्कृति, सम्पदा र पर्यटनलाई स्थानीय सरकारको समृद्धीको आधार मान्दै दुई पालिका क्षेत्रभित्रका जिवन्त संस्कृति, सम्पदा र पर्यटकीय क्षेत्रको संरक्षण, प्रवर्द्धन,विकास र प्रचार प्रसारमा सहकार्य गर्नेछौ ।

**५. प्रकृति तथा पर्यावरणको संरक्षण:** प्रकृति र पर्यावरणको समुचित सन्तुलनबाट मानव समाजको विकास र समृद्धीलाई प्रवर्द्धन गर्ने भएकाले आपसी सहकार्य, ठोस योजना तथा नतिजामूखी क्रियाकलाप सञ्चालन गरी प्रकृति र पर्यावरणको समुचित संरक्षण गर्न साझेदारी गर्नेछौं ।

**६. स्थानीय सुशासनमा सहकार्य:** स्थानीय शासनमा जनसहभागिता, उत्तरदायित्व,पारदर्शिता सुनिश्चित गरी राज्यले आत्मसात गरेका समानुपातिक, समावेशी तथा न्यायोचित वितरण प्रणाली मार्फत सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न आवश्यक संस्थागत संरचना, सूचना प्रविधी, मानव संसाधन, वित्तिय प्रवन्ध समेत परिचालन गरी स्थानीय शासन पद्धतिलाई सुदृढ बनाउन सहकार्य तथा समन्वय गर्नेछौ ।

**७. स्थानीय सरकार साझेदारी कार्यक्रम:** स्थानीय स्तरमा सञ्चालन हुने मौलिक संस्कृति तथा पर्यावरण प्रवद्धन सम्वद्ध आयोजना तथा परियोजनाहरुको सञ्चालन तथा व्यवस्थापन गर्न साझेदारी ,सहकार्य तथा आपसी सहयोग प्रवर्द्धन गर्नेछौ ।

**८. स्थानीय उत्पादन तथा बजार व्यवस्थापनमा सहकार्य:** स्थानीय स्तरमा उत्पादन हुने बहुमुल्य जडिबुटी ,स्याउ, सिमि, ओखर लगायतमा प्राङ्गारिक कृषि उत्पादन बृद्धि तथा बजार व्यवस्थापनका लागि दुई पालिका बिचमा सहकार्य गरी स्थानीय उत्पादन तथा बजार व्यवस्थापनलाई प्रवर्द्धन हुने कार्यक्रम सञ्चालन गर्नेछौं ।

गाउँपालिका कार्यालय

**९. मानवीय पालिका बनाउन सहकार्य:** सामाजिक सुरक्षा र गरिबी निवारणका क्षेत्रमा सहकार्य गरी दुबै पालिकालाई उच्च स्तरको मानवीय पालिकाका रुपमा विकास गर्न सहकार्य गर्नेछौं ।

**१०. आपसी हितका लागि अध्ययन तथा अवलोकन कार्यक्रम:** जनप्रतिनिधी ,कर्मचारी तथा पालिकावासीहरुमा रहेको ज्ञान, शिप तथा अनुभवको आदानप्रदान गर्न अध्ययन तथा अवलोकन भ्रमण,अन्तरक्रिया ,गोष्ठि जस्ता कार्यक्रमहरु दुबै पालिकाको हित हुने गरी सहकार्यमा सञ्चालन गर्नेछौं ।

**११. फोहर मैला व्यवस्थापन साझा लगानी:** दुबै पालिकाको बढदो जनसंख्या अव्यवस्थित बसोबास तथा शहरीकरणबाट श्रृजित फोहरमैलाको दिगो व्यवस्थापनका लागि दुबै पालिकाले उपयुक्त स्थान पहिचान गरि सयुक्त लगानीमा फोहरमैला व्यवस्थापन गर्नेछौं ।

**१२. सिमा बिवाद क्षेत्र निर्धारण:** दुबै पालिकाको सिमाना एक आपसमा जोडिएको र पटक पटक सिमा विवाद आई रहने भएकाले दुबै पालिकाका जनप्रतिनिधी बसि आपसी समझदारीमा सिमा बिवाद समाधान तथा क्षेत्र निर्धारण गर्नेछौं ।

**१३. तिलानदी संरक्षण:** दुबै पालिकाको क्षेत्र भएर बग्ने तिलानदी मानविय अतिक्रमण भई फोहर तथा नदीमा रहेका माछा समेत बिस्थापित भई रहेको अवस्थालाई मध्यनजर गरि नदी सफा राख्न र माछा संरक्षणका लागि सयुक्त रुमा योजना बनाई लागु गर्नेछौं ।

**१४. साधन प्रयोग:** दुबै पालिकाको स्वामित्वमा रहेका दमकल, एम्बुलेन्स, शव वाहन, ट्याक्टर,स्काभेटर, टिप्पर लगायतका साधन मानविय विपदको समयमा दुबै पालिकाले नियमानुसार दस्तुर तिरी निर्वाध रुपमा एक आपसमा प्रयोग गर्न पाउनेछन ।

**१५. सहकार्य तथा सहलगानी:** दुबै पालिकाले शिक्षा, स्वास्थ्य, खानेपानी, जलविधुत, यातायात, पर्यटन प्रवर्द्धन लगाएतका क्षेत्रमा दिर्घकालिन योजना बनाई दुबै पालिकाका नागरिकको हित हुने बिषयमा सहकार्य गरि सहलगानीमा काम गर्नेछौं ।

गाउँपालिका अध्यक्ष

| | |
|---|---|
| राजु सिंह कठायत | नन्द प्रसाद चौलागाई |
| प्रमुख प्रमुख | अध्यक्ष |
| चन्दननाथ नगरपालिका, जुम्ला | तातोपानी गाउँपालिका जुम्ला |

साक्षीहरुः

| | |
|---|---|
| नवराज देवकोटा | विरेन्द्र बहादुर शाही |
| प्रवक्ता | उपाध्यक्ष |
| चन्दननाथ नगरपालिका, जुम्ला | स्थानीय तह युवा विकास समिति |
| | तातोपानी गाउँपालिका, जुम्ला |

| | |
|---|---|
| टेक बहादुर बुढथापा | तीर्थ बहादुर कठायत |
| प्रमुख प्रशासकीय अधिकृत | प्रमुख प्रशासकीय अधिकृत |
| चन्दननाथ नगरपालिका, जुम्ला | तातोपानी गाउँपालिका, जुम्ला |

**ईति सम्वत २०८२ साल वैशाख १२ गते रोज ६ शुभम**